# नेपाल प्रहरी अस्पताल महाराजगंज, काठमाण्डौं

**सूचना नं. १६/०७७/०७८**

**प्रकाशित मिति २०७७/१२/३१ गते।**

मेडिकल डाईरेक्टर
( डा. आशा सिंह )
प्र. प्रहरी अतिरिक्त महानिरीक्षक

## बिद्युतीय बोलपत्र स्वीकृत गर्ने आशय-पत्र जारी गरिएको सूचना

यस अस्पतालको लागि आ.व. ०७७/०७८ मा आवश्यक पर्ने विभिन्न मेशिनरी औजार तथा उपकरणहरु बिद्युतीय बोलपत्रको माध्यमवाट खरिद गर्न मिति २०७७/११/१० गते सोमबार गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. **NPH/NCB/14/077/078** अनुसारका बोलपत्रहरूलाई सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को अधिनमा रही बिभिन्न पक्षको मूल्याङ्कन गरी न्यूनतम् मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र भई तुलनात्मक तालिकामा सवै भन्दा न्यूनतम् बोलकवोल अङ्क भएका बोलपत्रहरूलाई सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतको लागि छनौट गरी सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिमको आशय पत्र यस कार्यालयबाट मिति २०७७।१२।३० गते जारी गरिएको र सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २६ बमोजिम अस्वीकृत एवं खरिद कारबाही रद्द भएका बोलपत्रहरूको सम्बन्धमा समेत बोलपत्रदातालाई जानकारीको लागि सोही मितिमा सूचना प्रकाशित गरिएको छ । साथै बोलपत्रदाताहरूलाई बोलपत्रहरूको सम्बन्धमा केही गुनासो एवं निबेदन भएमा मिति २०७८।०१।०६ गते कार्यालय समय भित्र नियमानुसार कार्यालय प्रमुख समक्ष लिखित निवेदन दिन हुन सूचित गरिएको छ।

## सिलबन्दी दरभाउपत्र स्वीकृत गरिएको सूचना

यस अस्पतालको लागि आ.व. ०७७/०७८ मा आवश्यक पर्ने विभिन्न फर्निचर तथा फिक्चर्सहरू सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना नं. १४/०७७/०७८ बमोजिमका दरभाउपत्रहरूलाई सार्वजनिक खरिद ऐन २०६३ ( संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को अधिनमा रही मूल्याङ्कन गरी सार्वजनिक खरिद ऐन २०६३ ( संशोधन सहित) को दफा ४० को उपदफा (५) बमोजिम र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ८४ को उपनियम (१०) अनुसार दरभाउपत्र स्वीकृत गरिएको सूचना यस अस्पतालबाट मिति २०७७।१२।३० गते प्रकाशित गरिएको छ

## पुन: बिद्युतीय बोलपत्र आह्वान गरिएको सूचना

यस अस्पतालको लागि आ.व. ०७७/०७८ मा आवश्यक पर्ने विभिन्न मेशिनरी औजार तथा उपकरणहरु बिद्युतीय बोलपत्रको माध्यमवाट खरिद गर्नको लागि मिति २०७७/११/१० गते सोमबार गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. **NPH/NCB/14/077/078** अनुसारका केही ठेक्काहरू न्यूनतम् मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र नभएकोले ठेक्का नं. **NPH/NCB/077/11 को Semi Automated Microtome Machine** र ठेक्का नं. **NPH/NCB/077/12 को Fully Automatic Slide Stainer Machine** को लागि पुन: (पन्ध्र दिनको समय अवधी) बिद्युतिय बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले सूचनामा उल्लेखित शर्तहरूको अधीनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था तथा कम्पनीहरूबाट रितपूर्वक बिद्युतिय बोलपत्र आह्वान गरिएको छ। सार्बजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्न सकिने छ।

विस्तृत जानकारीको लागि यस अस्पतालको प्रबन्ध/लेखा शाखामा वा टेलिफोन नं. ०१-४४१२४३०, ०१-४४१२५३० को Ext. No. १२८/१२५ मा सम्पर्क गर्न हुन वा www.nph.nepalpolice.gov.np मा हेर्न हुन समेत अनुरोध गरिएको छ।